# रामनगर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## रामनगर, सर्लाही

पत्र संख्या (Ref. No.):-०७९-०८०
चलानी नं. (Letter No):-

मधेश प्रदेश, नेपाल
Madhesh Province, Nepal

मिति :- २०८०/०३/१५

प्रथम पटक प्रकाशित सूचना २०८०/०३/१५

उपरोक्त सम्बन्धमा यस रामनगर गाउँपालिका सिमा क्षेत्राधिकार भित्र पर्ने देहाय बमोजिमको नदि नाला, बजारको आ.व. २०८०/२०८१ को लागी मिति २०८०/०३/१३ को कार्यपालिकाको निर्णयानुसार ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ठेक्का लिन इच्छुक व्यक्ति वा फर्मलाई तोकिएको सर्तहरुको अधिनमा रही रितपुर्वकको गोप्य सिलबन्दी बोलपत्र यस कार्यालय मा पेश गर्न सम्वन्धी सबैको जानकारीको लागि सात दिने सूचना प्रकाशन गरिएको छ ।

| | | | | |
|---|---|---|---|---|
| १. | | बागमती नदीका माछा मार्ने क्षेत्रहरु | न्युनतम रकम | बोलपत्र रकम |
| | क) | धनकौल गाउँपालिकाको सिमाना देखी रामनगर गा. पा. को सिमाना खैर्वा धुर्वा सम्म । | १,०१,१००/- | ५००/- |
| २. | | एकादशी नदीमा माछा मार्ने क्षेत्र | | |
| | क) | धनकौल गा.पा. को सिमाना देखी बागमती नदिको मुहान सम्म | ५५,०००/- | ५००/- |
| ३. | | बजार क्षेत्रहरु | | |
| | क) | सिसौट बजार | ५,५०,०००/- | ५००/- |
| | ख) | खैर्वा बजार | १,१०,०००/- | ५००/- |
| ४. | | मनुष्मारा नदिको माछा मार्ने क्षेत्र | | |
| | क) | धनकौल गा.पा. को सिमाना देखि रामनगर गा. पा. को रामनगर बहुअर्वा पुल सम्म | ७८,१००/- | ५००/- |
| | ख) | रामनगर बहुअर्वा पुल देखी बैरेज सम्म | १,१५,५००/- | ५००/- |
| | ग) | सुदामा बैरेज देखी रामनगर गा.पा. को धुर्वा सिमाना सम्म | ६६,५५०/- | ५००/- |
| ५. | | मलघट्टा लच्की पुल देखी मनुष्मारा नदीको मुहान सम्म | १६,५००/- | ५००/- |

कृष्ण कुमार यादव
नि. प्रशासकीय अधिकृत

रामनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रामनगर, सर्लाही
२०७३


पत्र संख्या (Ref. No.):-०७९-०८०
चलानी नं. (Letter No):-


मधेश प्रदेश, नेपाल
Madhesh Province, Nepal


शर्तहरु

१) ठेक्का अवधी मिति २०८० श्रावन देखि २०८१ अषाढ मसान्त सम्म ।

२) बोलपत्र आफुले कबोल गरेको रकमलाई अंक र अक्षरमा स्पष्ट साथ् लेखुपर्नेछ । अंक र अक्षर फरक पर्न गएमा अक्षारलाई मान्यता दिइनेछ ।

३) आफुले कबोल गरेको अंकको नेपाली नागरिक भएमा ५ प्रतिशत र विदेशी नागरिक भए १० प्रतिशत धरौटी रकम राखी पेश गर्नु पर्ने छ । साथै नागरिकता तथा माछा मार्ने व्यवसाय अनुमति पत्रको प्रतिलिपि पेश गर्नु पर्ने छ ।

४) जुन व्यक्ति वा फर्मको नाम बाट बोलपत्र खरिद भएको हो सोहि व्यक्ति वा फर्मको नाममा बोलपत्र दर्ता गर्न सकिनेछ । अन्य व्यक्ति वा फर्मको नाम बाट दर्ता गराएको बोलपत्रलाई मान्यता दिइने छैन । साथै हुलाक सेवा, कुरियर आदि बाट पठाएको बोलपत्र स्वीकार्य हुने छैन ।

५) सिलबन्दी खाममा कुन कुन बस्तु वा कार्यको लागी बोलपत्र दाखिला गरेको हो ? स्पष्ट रुपले खुलाउनु पर्नेछ साथै बोलपत्र दाताको नाम र ठेगाना स्पष्ट रुपले खामको बाहिर उल्लेख गर्नुपर्नेछ ।

६) यो सूचना प्रकाशित भएको मितिले [illegible] १५ दिनको ५ बजे भित्र बोलपत्र फारम रामनगर गा.पा. को कार्यालयबाट खरिद गरि आठौ दिनको ३:३० बजे भित्र यस कार्यालयमा दर्ता गराउनु पर्ने छ र भोलिपल्ट दिनको १:०० बजे देखी बोलपत्र खोल्ने कार्य हुनेछ । बोलपत्र फारम खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा लगतै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ ।

७) माछाको बोलपत्र दाखिला गर्दा सम्बन्धित कार्यालयबाट प्राप्त गरेको अनुमति पत्रको प्रतिलिपि संलगन राखी पेश गर्नुपर्नेछ ।

८) पर्न आएको बोलपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

९) आफुले कबुल गरेको ठेक्कामा लाग्ने कार शुल्क बोलपत्र दाताले स्वयं आफै ठेक्का रकममा थप गरी यस कार्यालयमा बुझाउनु पर्नेछ ।

१०) बोलपत्र सम्बन्धि अन्य कुरा बुझ्नुपरेमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क गरी बुझ्न सकिने छ ।

११) ठेकेदारले सम्झौता पत्रमा तोकिएका बस्तुहरु मात्र तोकिए बमोजिमको दर रेटमा कर दस्तुर असुल उपर गर्नुपर्नेछ । सो भन्दा बढी दस्तुर र दर रेटमा कार दस्तुर असुल उपर गर्न पाइने छैन ।

१२) बोलपत्र स्वीकृत भएको पत्र प्राप्त भएको मितिले ३ दिन भित्र (बाटो म्याद बाहेक) बोलपत्र दाताले सम्झौता गर्न नआएमा वा दाखिला गर्नुपर्ने रकम दाखिला नगरेमा निजले नियमानुसार राखेको धरौटी रकम जफत गरिने छ ।

१३) आफुले कबुल गरेको ठेक्काको रकम बोलपत्र स्वीकृतको जनकारी पत्र पाएको ७ दिन भित्र एकमुष्ट अनिवार्य नगदै अग्रिम बुझाउने सो बापत बोलपत्र दातालाई कबुल अंकको १० प्रतिशत रकम छुट दिइनेछ ।

१४) बोलपत्र दाताले सम्झौता गरी चलनपट्टा लिसकेपछी मानव सृजित बन्द, हडताल, चक्का जाम जस्ता अवस्थाको कुनै किसिमको माफी मिनाह दिइनेछैन ।

१५) नेपाल सरकार, न्याय निकाय, स्थानीय विकास मन्त्रालय र गाउँपालिकाको कार्यालयले बेला-बेलामा दिएको नीति निर्देशन पालना गर्नु सम्बन्धित ठेकेदारको कर्तव्य हुनेछ । निती निर्देशन वा अन्य कुनै कारण बाट ठेकेदारलाई हानी निक्सानी हुन् गएमा नेपाल सरकार र गाउँपालिकाको निती निर्देशन एवम परिपत्र बमोजीम हुनेछ ।

१६) ठेक्का सम्बन्धमा कार्यालय तथा ठेकेदार विच कुनै विवाद उत्पन्न भएमा गाउँपालिकाको निर्णयानुसार हुनेछ ।

१७) यो सुचनामा उल्लेख भएको यसै बमोजीम र उल्लेख नभएको हकमा स्थानीय स्वायत शासन नियमावली र स्थानीय निकाय आर्थिक नियमावली २०६४ संसोधन सहित तथा प्रचलित कानून बमोजीम हुनेछ ।

१८) ठेक्का अवधि समाप्त भएपछि कार क्लियरेन्स गरेको प्रमाण पेश गरेपछि मात्र धरौटी फिर्ता हुनेछ ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी